# धुर्कोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बर्वाट, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

प.सं : ०८१/८२
च.नं : /

मिति :- २०८१।०४।१५

**पालिका गानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा धुर्कोट गाउँपालिकाको पालिका गान तयार गर्नुपर्ने भएकोले देहायको शर्तको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन (मिति २०८१/०५/१२ गते) भित्रमा यस कार्यालयमा शिलवन्दी खाम वा पालिकाको ई-मेल ठेगाना: info@dhurkotmun.gov.np वा dhurkotmun@gmail.com मा प्रस्ताव पेश गर्नुहुन सरोकारवाला सम्पूर्ण नागरिकहरुमा यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु:**

१. धुर्कोट गाउँपालिकाको नाम अनिवार्य समावेश हुनुपर्नेछ ।
२. पालिकाको सामाजिक, आर्थिक, भौगोलिक, प्राकृतिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक, मौलिक विशिष्टता झल्कने गरी पालिका गान तयार हुनुपर्नेछ ।
३. पालिका गान कम्तिमा ४० (चालिस) अक्षर र बढीमा ७० (सत्तरी) अक्षर भएको उल्लेखित मौलिक विशिष्टता झल्कने हुनुपर्नेछ ।
४. गानमा प्रयोग भएका शब्दहरुको संक्षिप्त व्याख्या गर्नुपर्नेछ । कुनै पनि जातिय विभेद, सामाजिक सद्भाव, सार्वभौमिकता, राष्ट्रिय एकता र अखण्डतामा आँच आउने संकेत वा शब्द प्रयोग गर्न पाईने छैन ।
५. छनौट भएको रचनाकारको रचनालाई प्रमाणपत्र सहित नगद रु. १,००,०००।- (अक्षरुपी एक लाख मात्र ) पुरस्कार स्वरुप नियमानुसार कर कट्टी गरि प्रदान गरिनेछ ।
६. पालिका गानको मुल्याङ्कन मुल्याङ्कन समितिबाट गराइनेछ ।
७. पेश भएको गानमा मूल्याङ्कन समितिबाट परिमार्जन सुझाव आएमा परिमार्जित गान स्वीकृत गर्न सकिनेछ ।
८. साझेदारी रुपमा पेश गरेको गानलाई मान्यता प्रदान गरिने छैन साथै पालिका गानको स्वीकृती सम्बन्धी सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।
९. पालिका गान छनौट गर्ने सम्बन्धि सर्वाधिकार गाउँ कार्यपालिकामा निहित रहने छ साथै स्वीकृत गानको सर्वाधिकार समेत गाउँपालिकामा रहनेछ र सृजनाकारको अन्यत्र प्रयोग गर्न पाईने छैन ।

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

e-mail : info@dhurkotmun.gov.np, dhurkotmun@gmail.com
website : www.dhurkotmun.gov.np